**नेपाली / *NEPALI***

विद्यार्थीहरू, संकाय र कर्मचारीहरू,

गभर्नर *Tony Evers* को निर्देशनमा *Wisconsin Department of Health Services* ले आज विस्कन्सिनमा *COVID-19* अझै फैलनबाट रोक्नका लागि "घरमै सुरक्षित *(Safer at Home)*" गभर्नरको आदेश जारी गऱ्यो। विस्कन्सिन र डेन काउन्टीमा बढ्दो सङ्क्रमणको दरले गर्दा यो गभर्नरको आदेश जारी भएको हो। *"Safer at Home"* ले विस्कन्सिनका बासिन्दाहरूलाई घरमै रहन र सामजिक दूरी अपनाउन अनिवार्य गर्दछ; यसले गैर-आवश्यक व्यापारहरू बन्द गर्दछ र गैर-आवश्यक यात्रा र सामजिक ज म घटहरूमा प्रतिबन्ध लगाउँदछ। गभर्नरको आदेशले कुनै नमिल्ने स्थानीय आदेशहरूलाई पनि रद्द गर्दछ। जबसम्म रद्द गर्ने आदेश जारी हुँदैन, यो आदेश बुधवार, मार्च २५, २०२० बिहान ८ बजे दे खि शुक्रवार, अप्रिल २४, २०२० बिहान ८ बजे सम्म प्रभावकारी रहनेछ।

तपाईँको र समुदायको सुरक्षाको लागि, तपाईँले यो आदेशको पालना गर्नु धेरै महत्त्वपूर्ण छ। यो सन्देश *UW-Madison* समुदायको लागि आदेशको अर्थको र अनुमति मिलेका आवश्यक क्याम्पस र सामुदायिक गतिविधिहरूको जानकारी साझा गर्नका लागि तयार पारिएको हो।

*UW-Madison* ले आवश्यक युनिभर्सिटी परिचालनहरू कायम राखिरहेको छ जसमा दूरशिक्षा र आवश्यक अनुसन्धानहरू समावेश छन्, र जसलाई गभर्नरको आदेशमा विषेश रूपमा अनुमति दिइएको छ। यदि यी गतिविधिहरूका लागि क्याम्पसमा तपाईँको अपेक्षा गरिएको छ भने, तपाईँलाई यात्रा गर्ने अनुमति छ।

यस आदेशले तपाईँ र युनिभर्सिटीलाई कसरी असर गर्दछ भन्ने विचारमा राख्नका लागि यहाँ केही महत्त्वपूर्ण कुराहरू छन्:

- स्वास्थ्य र सुरक्षाका लागि गर्नुपर्ने कामहरू जस्तै कि मेडिकल हेरचाह खोज्ने, खानेकुरा र सामानहरू किन्ने, र आवश्यक व्यवासाय वा परिचालनहरूमा काम वा स्वयंसेवा गर्ने जस्ता आवश्यक गतिविधिहरू बाहेक, सबैजनालाई घरमै रहन आग्रह गरिएको छ। केवल आवश्यक यात्राको अनुमति छ।

- संक्रमणको विरूद्ध सबै भन्दा महत्त्वपूर्ण रोकथामको उपाय सामाजिक दूरी *(Social distancing)* हो। यसको मतलब तत्काल परिवारका सदस्यहरू भन्दा अरूबाट छ फिट पर रहने, एक आवश्यक कर्मचारी जसलाई रोजगारको ठाउँमा हुन आवश्यक नभए घरबाटै काम गर्ने, र समूहहरूमा जम्मा नहुने।

- सबै उमेरका व्यक्तिहरूसँगको सामाजिक जमघटहरूबाट टाढा रहने (यसमा बच्चाहरूलाई खेलाउने र *sleepover* हरू, पार्टीहरू, ठूलो पारिवारिक भोज, तपाईँको घरमा आउने पाहुनाहरू, तपाईँको घरमा गैर-आवश्यक कामदारहरू पनि समावेश छन्)।

- आवश्यक सामुदायिक सेवा जस्तै कि ग्रोसरी पसल, औषधी पसल, लुगा धुने ठाउँ र ग्यास स्टेशनहरू खुला रहनेछन्। रेस्टुरेन्टहरू भित्र खाने सेवा का लागि बन्द रहनेछन्, तर कुनै कुनैले ढोका बाहिर खाने कुरा लिने र डेलिभरी प्रदान गर्न जारी राख्नेछन्। खुला छ कि छैन भनेर हेर्न घर छोड्नु भन्दा पहिले व्यापारमा फोन गर्न सल्लाह दिइन्छ।

- परिचालनका लागि आवश्यक ठम्याइएका कामहरू गर्न सबै आवश्यक कर्मचारीहरू *(essential employees)* क्याम्पसमा आउन अनिवार्य छ।

● युनिभर्सिटी हाजिङ्गमा रहन अनुमति भएका विद्यार्थी सीमित सेवाहरूको साथ रहन सक्दछन्। *Move-out* रोकिएको छ; थप जानकारीको लागि हाजिङ्गको वेबसाईट भ्रमण गर्नुहोला।

● कक्षाहरूको वैकल्पिक वितरण बाँकी वसन्त सेमेस्टर भरी जारी रहनेछ र शैक्षिक गतिविधिमा संलग्न विद्यार्थीहरूलाई समूहमा जम्मा नहुन सम्झाइन्छ।

● बाहिर हिँड्नको लागि जाने, कुकुर डोहोऱ्याउने वा साइकल चलाउने अनुमति छ जबसम्म तपाईँले सामजिक दूरीको पालना गर्नुहुन्छ। फूटबल वा बास्केटबल जस्ता सामूहिक गतिविधिमा भाग लिन मनाही छ।

● यस आदेशले विस्कन्सिनको वसन्त *primary* निर्वाचनलाई स्थगित गरेको छैन जुन अप्रिल ७ मा हुनेछ। अनुपस्थित मत अनुरोध गर्न, MyVote.wi.gov वेबसाईटमा जानुहोला।

*UW-Madison* ले सबैलाई लक्षणहरूको ला गि आफैँलाई निगरानीमा राख्न आग्रह गर्दछ। यस यी समावेश छन्:

● सक्रिय रूपमा ज्वरोलाई निगारनीमा राख्ने (१००.४ डिग्री वा माथि), खोकी, र सास फेर्न गाह्रो।

● यदि तपाईँका लक्षणहरू चाँडै बदलिए भने, तपाईँको स्वास्थ्य सेवा प्रदायकलाई तुरुन्तै सम्पर्क गर्नुहोस्। कुनै पनि क्लिनिक, अर्जेन्ट केयर, वा आपतकालीन विभागमा जानु भन्दा पहिले नै फोन गर्नुहोस्।

● म्याडिसनमा रहेका विद्यार्थीहरूले युनिभर्सिटी स्वास्थ्य सेवा *(UHS)* (608) 265-5600 मा फोन गरेर आफ्ना लक्षणहरू बताउन सक्दछन्। सीमित व्यक्तिगत सेवाहरूको साथ, *UHS* भेट्ने समय मिलाएर आउन खुला छ। मेडिकल र मानसिक स्वास्थ्यको लागि *telehealth* बाट भेट्ने समय उपलब्ध छन्, तर व्यक्तिगत भेटको छैनन्।

● यदि तपाईँलाई *COVID-19* को लागि परिक्षण गरिएको वा लागेको व्यक्तिसँग नजिकको सम्पर्कमा हुनुहुन्थ्यो भने, जनस्वास्थ्य अधिकारीले तपाईँलाई लक्षण अपडेट र अर्को चरणका लागि निर्देशनहरू दिनको लागि नियमित सम्पर्क गर्नेछन्।

नयाँ जानकारी र अपडेटहरूका लागि, कृपया www.covid19.wisc.edu वेबसाईट भ्रमण गर्दै गर्नुहोला।